"सुरक्षित भविष्यको लागि सञ्चय कोषको व्यवस्था गरौं।"

# सञ्चय कोष

ई-न्यूजलेटर : कर्मचारी सञ्चय कोषको त्रैमासिक प्रकाशन । वर्ष ४ । अंक २१ । २०७४ कार्तिक, मंसिर र पौष ।



समाचार पृ. २ मा
का.प्रशासक रौनियार सम्मानित

# बेतन कर्णाली र राष्ट्रिय प्रशारण ग्रिड कम्पनीबीच समझदारीपत्रमा हस्ताक्षर



बेतन कर्णाली हाइड्रोपावर र राष्ट्रिय प्रशारण ग्रिड कम्पनीबीच समझदारी पत्रमा हस्ताक्षर समारोहमा कोषका कार्यवाहक प्रशासक दीपक रौनियार, ग्रिड कम्पनीका सिइओ डा. नेत्र ज्ञवाली, अर्थ सचिव शिशिरकुमार ढुंगाना लगायत ।

सञ्चयकर्ताको ४० प्रतिशत शेयर लगानी सुनिश्चित भएको बेतन कर्णाली हाइड्रो कम्पनी लि. ले राष्ट्रिय प्रसारण ग्रिड कम्पनीसँग विद्युत वितरण सम्झौता गरेको छ । बेतन कर्णालीद्वारा उत्पादित विद्युत राष्ट्रिय प्रशारण लाइन मार्फत वितरण गर्ने सम्बन्धमा समझदारी पत्र (MOU)मा हस्ताक्षर भएको हो ।

समझदारी पत्रमा बेतन कर्णालीका तर्फबाट कर्मचारी सञ्चय कोषका कार्यवाहक प्रशासक दीपक रौनियार र ग्रिड कम्पनीका तर्फबाट सिइओ डा. नेत्र ज्ञवालीले हस्ताक्षर गर्नु भएको थियो। ६८८ मेगावाट क्षमताको बेतन कर्णाली विद्युत आयोजनाबाट उत्पादन हुने विद्युत वितरणमा सहयोग पुर्‍याउने उद्देश्यले सो समझदारी पत्रमा हस्ताक्षर भएको हो । २०७४ पुष १२ गते सम्पन्न समझदारी पत्र हस्ताक्षर कार्यक्रमलाई सम्बोधन गर्ने क्रममा रौनियारले बेतन कर्णाली अब एक अवधारणा मात्र नभई सञ्चयकर्ताको हितमा अगाडि बढी सकेको एक महत्वपूर्ण आयोजना भएकाले सम्बन्धित सबै सरोकारवालाहरुले प्राथमिकताका साथ यसलाई सफल बनाउन योगदान गर्नुपर्नेमा जोड दिनु भयो ।

ग्रिड कम्पनीका सीइओ ज्ञवालीले प्रशारण लाइन सम्बन्धि यो समझदारी पत्रले सरोकारवालाहरुबीच विश्वासको वातावरण सिर्जना गर्ने बताउँदै विद्युत प्रशारण सम्बन्धि अन्य मापदण्ड र क्रियाकलापलाई अगाडि बढाउने विश्वास व्यक्त गर्नु भयो ।

उर्जा मन्त्रालयका सचिव अनुपकुमार उपाध्यायले केही समय लागेता पनि पहिचानपछि आयोजनाको काम जुन रुपमा अगाडि बढन थालेको छ त्यसबाट आफु संतुष्ट रहेको बताउँदै यस आयोजनाबाट राज्य र लगानीकर्ता दुवै लाभान्वित हुने बताउनु भयो ।

कर्मचारी सञ्चय कोष सञ्चालक समितिका अध्यक्ष तथा नेपाल सरकारका अर्थ सचिव (राजस्व) शिशिर कुमार ढुंगानाले उर्जाको राष्ट्रिय संकट घोषणा भई सकेको सन्दर्भमा यस बेतन कर्णाली आयोजनाले यो संकट समाधान गर्न सकारात्मक योगदान गर्ने चर्चा गर्दै उपयुक्त आयोजनाको एक भाग बनेर अगाडि बढदा सञ्चय कोषको पनि क्षमतामा अभिवृद्धि हुने बताउनु भयो ।

कोषका मुख्य अधिकृत राजेन्द्र काफ्लेले आयोजनाको डीपीआरसँगै यो समझदारी पत्रमा भएको हस्ताक्षरले आयोजना सम्पन्न गर्न सहयोग पुर्‍याउने बताउँदै आजको कार्यक्रममा नेपाल सरकारका सचिवद्वयको गरिमामय उपस्थिति र जलश्रोत मंत्रालयको समन्वयकारी भूमिकाले आयोजनाको विश्वसनियता अभिवृद्धि गर्न सहयोग पुगेको बताउनु भयो ।

# मुख्य अधिकृतमा बढुवा





कर्मचारी सञ्चय कोष पदपूर्ति समितिको मिति २०७४।०९।१३को सिफारिस तथा सञ्चालक समितिको मिति २०७४।१०।१९ को स्वीकृतिमा कोषका कार्यवाहक प्रशासक दीपक रौनियार तथा का.मु. मुख्य अधिकृत राजेन्द्र काफ्ले मुख्य अधिकृत पदमा बढुवा हुनु भएको छ । निजद्वयको बढुवा मिति २०७४।०९।१३ देखि नै लागु हुने छ ।

बढुवाको पत्र हस्तान्तरण गर्न आयोजित संक्षिप्त कार्यक्रममा कार्यवाहक प्रशासक रौनियारले यो बढुवाले आफुलाई कोष व्यवस्थापन, सञ्चयकर्ता र कार्यरत कर्मचारीको हितप्रति थप जिम्मेवार भई अगाडि बढन अभिप्रेरित गरेको बताउनु भयो । त्यसैगरी मुख्य अधिकृत काफ्लेले कोषको हित अभिवृद्धि गर्ने सवालमा विगतमा झै आगामी दिनमा समेत आफ्नो सक्रियता कायम राख्न यो बढुवाले आफुलाई उत्प्रेरित गरेको बताउनु भयो ।

कार्यक्रममा उपस्थित अन्य विभागीय प्रमुख, बरिष्ठ प्रवन्धक, प्रबन्धक लगायत अन्य कर्मचारीहरुले बढुवा हुनेद्वयलाई बधाई तथा शुभकामना दिनु भएको थियो ।

# डिम्याट एकाउण्ट खोल्न कोषको आग्रह




कोषले हितग्राही खाता (डीम्याट एकाउण्ट) खोल्न सञ्चयकर्ताहरुलाई आग्रह गरेको छ ।

कोषको ऋण लगानीका जलविद्युत परियोजना सम्बद्ध कम्पनीहरुको शेयरमध्ये सञ्चयकर्ताका लागि छुट्याइएको साधारण सेयरमा आवदेन गर्न कोषले खाता खोल्न आग्रह गरेको हो ।

कोषले ऋण लगानी गरेका रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेड र सान्जेन जलविद्युत कम्पनी लिमिटेडले आइपीओ जारी गर्न धितोपत्र बोर्डबाट स्वीकृति पाइसकेका छन् । निकट भविष्यमै सञ्चयकर्ताहरुको लागि साधारण सेयर जारी हुने भएको र धितोपत्र नियमावलीले आश्वा प्रणालीमार्फत शेयर आवेदन दिन हितग्राही खाता अनिवार्य गरेकोले हालसम्म हितग्राही खाता नहुने सञ्चयकर्तालाई नजिकको बैंक तथा वित्तीय संस्थामा गई खाता खोल्न सार्वजनिक सूचना मार्फत कोषले जानकारी गराएको हो । आईपीओ निष्कासन तथा बिक्री प्रवन्धकको रुपमा रसुवागढीको लागि सिद्धार्थ क्यापिटल लिमिटेड र सान्जेनको नागरिक लगानी कोषले जिम्मेवारी पाइसकेका छन् । यसैबीच, कोषको ठमेलस्थित कार्यालय परिसरमा बैंकसँगको सहकार्यमा छुट्टै काउन्टर राखेर खाता खोल्ने व्यवस्था मिलाइएको छ । खाता खोल्न पासपोर्ट साइजको फोटो सहित सक्कल नागरिकता, सञ्चयकर्ता परिचय पत्र, कर्मचारी परिचयपत्र एवं बैकको खाता नम्बर आवश्यक पर्नेछ । थप जानकारीको लागि कोषका उपत्यकास्थित कार्यालय, शाखा कार्यालय एवं सेवाकेन्द्रहरुमा सम्पर्क गर्न सकिने सूचनामा जनाइएको छ ।



# कार्यवाहक प्रशासक रौनियार सम्मानित

कर्मचारी सञ्चय कोषका कार्यवाहक प्रशासक दीपक रौनियार फेडरेसन अफ कम्प्युटर एशोसिएसनबाट सम्मानित हुनु भएको छ।
सन २००४ देखि २००६ सम्म मुलुकको सूचना प्रविधि क्षेत्रको अग्रणी तथा नेतृत्वदायी संगठन तत्कालिन कम्प्युटर एशोसिएन अफ नेपाल हाल फेडेरेसन अफ कम्प्युटर एशोसिएसन अफ नेपालको सचिव पदको जिम्मेवारी निर्वाह गर्दा गरेको योगदानको कदर स्वरुप उक्त एशोसिएसनले रौनियारलाई सम्मान गरेको हो।
एशोसिएसनका निवर्तमान अध्यक्ष विनोद ढकालले रौनियारलाई खादा सहित सम्मान पत्र प्रदान गर्नु भएको थियो। सम्मान पत्रमा रौनियारलाई एशोसिएसनसँग आवद्ध रहँदा उहाँले नेपालको सूचना प्रविधि क्षेत्रमा पुर्‍याउनु भएको अतुलनिय योगदानको लागि सम्मान गरिएको उल्लेख छ।
२०७४ पुष १८ आयोजित उक्त सम्मान कार्यक्रममा कार्यवाहक प्रशासक रौनियारले एशोसिएसनको पदिय जिम्मेवारीमा रहँदा गरिएका राम्रा कामहरुले उचित स्थान हासिल गर्न सकेकोमा खुशी प्रकट गर्दै एशोसिएसनले ती कार्यहरुलाई सम्मानयोग्य ठानेकोमा हृदयदेखिनै आभार प्रकट गर्नु भएको थियो। निवर्तमान अध्यक्ष ढकालले पदिय जिम्मेवारीमा रहँदा रौनियारले देखाउनु भएको सुझबुझपूर्ण नेतृत्वदायी भूमिकाले एशोसिएसनलाई आजको अवस्थामा आइपुग्न पर्याप्त मार्गदर्शन गरेका बताउनु भएको थियो।
सम्मान कार्यक्रममा कोषका मुख्य अधिकृत राजेन्द्र काफ्ले विभागीय प्रमुखहरु केदारनाथ गौतम, विरेन्द्रमोहन भट्टराई, भरत वस्ती लगायत अन्य कर्मचारीहरुको उपस्थिति रहेको थियो।

# उत्तिर्ण उम्मेदवारहरुको नियुक्ति तथा पदस्थापना

कोषको वि.नं. १६।०७२।०७३ खुला शाखा अधिकृत तह ६ प्रशासन सेवा पदसंख्या १ को लागि श्याम पौडेल र वि.नं. १७।०७२।०७३ महिला शाखा अधिकृत तह ६ प्रशासन सेवा पदसंख्या १ को लागि रमा अधिकारीको नियुक्ति सिफारिस भएको छ।
यसैगरी, कोषद्वारा सञ्चालित प्रमुख सहायक पदको खुला/समावेशी प्रतियोगितात्मक परिक्षामा उत्तिर्ण २१ उम्मेदवारहरुलाई नियुक्तिको सिफारिस गरिएको छ। यसरी सिफारिस हुने कर्मचारीहरुमा वि.नं. १८/०७२/७३ (खुला) प्रमुख सहायकमा सपना देउजा, सिर्जना ज्ञवाली, मोहन काफ्ले, राम नारायण चौधरी, विमल कट्वाल, भानुभक्त खनाल, मात्रिका देवी खतिवडा, हेमन्त भट्टराई, सुशिला भट्टराई, तारा कुमारी साह, संमिता परियार, किरण ज्ञवाली हुनुहुन्छ।
त्यसैगरी वि.नं. १९ /०७२/७३ (आदिवासी/जनजाती) प्रमुख सहायकतर्फ सिफारिस हुने कर्मचारीहरुमा मकुन्ददेव चौधरी र दीपा गुरुंग हुनुहुन्छ। वि.नं. १९ /०७२/७३ (महिला) प्रमुख सहायकमा अन्जना अर्याल, शुष्मा कंडेल र मञ्जु क्षेत्री हुनुहुन्छ। वि.नं. १९/०७२/७३ (मधेशी) प्रमुख सहायकमा राम कुमार मण्डल र विजय कुमार गुप्ता हुनुहुन्छ। वि.नं. १९/०७२/७३(दलित) प्रमुख सहायकमा ज्योति कुमारी रसाइली हुनुहुन्छ। वि.नं. १९/०७२/७३(अपांग) प्रमुख सहायकमा कृष्ण प्रसाद पोखरेल हुनुहुन्छ।

## कोषसँग आवद्ध

### थप १२० सञ्चयकर्ता कार्यालयहरूसँग कोषकट्टी सम्झौता



कर्मचारी सञ्चय कोषको सञ्चयकर्ता विस्तार कार्यक्रम अन्तर्गत २०७४ पौष महिनासम्म सञ्चयकर्ता सेवा तथा सामाजिक सुरक्षण विभागमा विभिन्न १२० कार्यालय आवद्ध भई लगभग २५०० कर्मचारीहरु कोषको नियमित सञ्चयकर्ता बनेका छन। यसरी आवद्ध हुने कार्यालयहरुमा नेपालका चर्चित सेवा प्रदायकदेखि सानो तहमा व्यवसाय सञ्चालन गर्ने कम्पनीहरु रहेका छन।
मेघा बैंक, पाटन एकेडेमी हेल्थ साइन्स अफ स्कुल अफ नर्सिंग, राष्ट्रिय विमा संस्थान एफ वन सफ्ट इन्टरनेशनल, ई सेवा फोन-पे लगायतका संस्थाहरु रहेका छन।

सञ्चयकर्ता अभिमत

# कोषको सेवा सुविधाबारेमा सेवाग्राहीको विचार

कर्मचारी सञ्चय कोषमा म नियमित रुपले आई रहन्छु । मेरो कोष कट्टि खाताबारे जानकारी लिन र आवश्यकता अनुसारका सुविधा लिन मैले कोष आउने गरेको छु । कोषद्वारा प्रदान गरिदै आएको ९० प्रतिशत सापटी सुविधा मैले लिन आएको हो । मलाई कोषबाट प्रदान भई आएका प्रायः सबै प्रकारका सुविधा जस्तै घर सापटी, शैक्षिक सापटी लगायत काजक्रिया अनुदान बारेमा थाहा छ । कोषबाट प्रदान गरिने सेवा एवं सुविधाको बारेमा मैले पत्रपत्रिकाहरुबाट भन्दा पनि कर्मचारी साथीहरुबाटै जानकारी पाउने गरेको छु । कोषका गतिविधि एवं यसका अन्य क्रियाकलापहरुको पत्रपत्रिका र अरु सञ्चार माध्यममा कमै पढन पाइन्छ । कोषले ठमेल बाहेक पुल्चोकबाट पनि सेवा प्रवाह गर्दै आएकोले हामीलाई सेवा लिन सहज भएको छ ।

सेवाग्राही आउनासाथ कर्मचारीले प्रदान गर्ने सेवा अन्य बैंक तथा सरकारी कार्यालय भन्दा छिटो र छरितो छ । आवश्यक कागजात लिएर आई सकेपछि आफ्नो कामका लागि कसैलाई भनि रहन नपर्ने, बिना झन्झट सेवा पाइने जस्ता कुरामा सुधार गर्दै जाँदा सञ्चयकर्ताहरुलाई अझ सहज हुने मलाई लाग्छ । कर्मचारीहरुसँग सम्बन्धित भएकाले कोषले प्रदान गर्ने र सापटी बापत प्राप्त गर्ने ब्याज अन्यत्र जस्तो उतारचढावयुक्त नहुनेमा म विश्वस्त छु ।



**गंगा देवी कुँवर**
वीर अस्पताल



**गणेश कुमार लिम्बु**
त्रि.अ.वि.ना.उ.कार्यालय

कर्मचारी सञ्चय कोष हामी कर्मचारीहरुका लागि एक आर्थिक आधारको रुपमा रहेको छ । कोषबाट प्रदान हुँदै आएको सेवा एवं सुविधाबाट जसरी असंख्य सञ्चयकर्ता कर्मचारीहरु लाभान्वित हुँदै आएका छन त्यसैगरी म पनि लाभान्वित हुँदै आएको छु । मैले प्रायः कोषबाट आफ्ना अत्यावश्यक आर्थिक गर्जो टार्ने भरपर्दो साथिको रुपमा कोषलाई पाएको छु । कोषबाट प्रदान हुँदै आएको शैक्षिक सापटी, घरकर्जा सापटी, सरलकर्जा लगायत अन्य सामाजिक सुरक्षण बापतको सुविधाहरु काजक्रिया अनुदान, सुत्केरी भत्ता, दुर्घटना क्षतिपूर्तिको बारेमा मलाई सामान्य जानकारी छ । कोषबाट प्रदान भई आएको सेवाबाट म पूर्ण रुपमा सन्तुष्ट छु । राजधानीमा खोलिएका कोषका सेवाकेन्द्रहरुको संख्या मलाई अपर्याप्त लाग्छ । भक्तपुर र कलंकी क्षेत्रमा सेवाकेन्द्रको संख्या बढाउने हो भने कोषको ठमेलस्थित कार्यालयमा सेवाग्राही सञ्चयकर्ताको चाप कम हुनुका अतिरिक्त सेवाग्राहीहरुलाई कोषका सेवा र सुविधा लिन अझ सहज हुने मलाई लाग्छ । कर्मचारीसँग सम्बन्धित सँस्था भएकाले कोषका यावत आर्थिक लगायत सामाजिक गतिविधिहरुबारे आम कर्मचारीहरु सुसूचित हुन पाउनुपर्छ भन्ने मलाई लाग्छ । यति ठूलो संस्था भएपनि यसको सामाजिक क्षेत्रमा सक्रियता भने त्यति मलाई थाहा छैन । देशको आर्थिक अवस्था, वित्तीय बजारको अवस्था लगायत अन्य आर्थिक क्रियाकलापको आधारमा तय लिने र दिने ब्याजका बारेमा कुनै गुनासो छैन ।

# महिला कर्मचारी अभिमुखीकरण



जोन्टा क्लव अफ काठमाडौंको सहकार्यमा कोषमा कार्यरत महिला कर्मचारीका निमित्त नेपालमा महिला अधिकारको सम्बन्धमा विद्यमान व्यवस्थाहरु विषयक अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ ।

२०७४ पौष १२ गते कोषको केन्द्रिय कार्यालय पुल्चोकमा सम्पन्न सो कार्यक्रममा कोषका महिला कर्मचारीहरुको सहभागिता रहेको थियो ।

नेपालमा महिला अधिकारको विद्यमान व्यवस्थाहरु जानकारी मुलक अन्तर्क्रियाबाट आफूहरु लाभान्वित भएको महिला सहभागीहरुले बताए ।

सहभागीहरुका अनुसार महिला अधिकारका विषयमा सुनि रहे पनि एउटै फोरमबाट त्यस विषयमा विभिन्न व्यवस्थाहरुबारे भएको छलफलले धेरै कुराको बारेमा स्पष्ट हुन सहयोग मिलेको सहभागीहरुको जिकिर थियो ।

# सञ्चयकर्ता घर मर्मत सापटी



## प्रयोजन :

निम्न मध्ये कुनै पनि प्रयोजनको लागि सापटी प्रदान हुनेछ :

- २०७२ साल वैशाख १२ र त्यसपछिको विनाशकारी भूकम्प/पराकम्पबाट क्षति भएको घर सवलीकरण गर्न,
- घरमर्मत गर्न,
- पुरानो भवन भत्काई सोही जग्गामा नयाँ घर निर्माण गर्न,
- पुरानो घर सवलीकरण गर्न ।

## अन्य विशेषताहरु :

- भुकम्पपिडित सञ्चयकर्तालाई घर मर्मत सापटीको प्रचलित ब्याज दरमा एक प्रतिशत छुट गरिने,
- कम्तिमा १ वर्ष नियमति कोषकट्टी भएको हुनुपर्ने,
- अधिकतम ५ वर्षको तलवमान बराबर वा २५ लाख मध्ये जुन कम हुन्छ सो रकम प्रदान गरिने,
- घर सापटी लिएका सञ्चयकर्ताले पनि लिन पाउने ।

### १ सापटीको उद्देश्य :

भूकम्प तथा अन्य किसिमका प्राकृतिक प्रकोपबाट प्रभावित सञ्चयकर्ताहरुका लागि सहुलियत रुपमा घर मर्मत सापटी प्रदान गर्नु, संचयकर्ताहरुको घर मर्मतको आवश्यकता पूर्तिका लागि सापटीको व्यवस्था गर्नु तथा संकलित स्रोतलाई लगानी विविधीकरणको माध्यमवाट सञ्चयकर्ताको हितमा परिचालन गर्नु यस सापटीको मुख्य उद्देश्य रहेको छ ।

### २ अवस्था/शर्त :

(क) कम्तीमा एक बर्षसम्म नियमित सञ्चय कोष कट्टी गरेका सञ्चयकर्ता र उमेर वा पदावधिको आधारमा दुई बर्ष सेवा अवधि वाँकी भएका संचयकर्तालाई घर मर्मत सापटी प्रदान गरिनेछ ।

(ख) घर मर्मत सापटीको अधिकतम सीमा धितो मूल्यांकनबाट कायम भएको रकममा नबढ्ने गरी सञ्चयकर्ता कार्यरत तह वा श्रेणीको तलवमानको आधारमा निर्धारण गरिने छ र सापटीको अधिकतम सीमा सञ्चयकर्ताको पाँच वर्षको तलबमान बराबरको रकम वा तीस लाख मध्ये जुन कम हुन्छ, सो रकम प्रदान गरिनेछ । एकपटकमा पाँच लाख भन्दा कम रकम भुक्तानी हुनेछैन ।

(ग) सञ्चयकर्ताको बाँकी नोकरी अवधिमा नबढ्ने गरी सापटी चुक्ता गर्ने अवधि ग्रेस अवधि सहित अधिकतम दश बर्षको हुनेछ । तर, त्यस्तो सापटी चुक्ता गर्ने अधिकतम अवधिभित्र जुनसुकै कारणले नोकरीबाट अलग भएका सञ्चयकर्ताको हकमा ब्याज नियमित गरेको अवस्थामा सेवाबाट अलग भएको मितिले छ वर्षसम्म कर्जा भुक्तान गर्न सक्नेछ ।

(घ) उमेर वा पदावधिको आधारमा दुई बर्ष सेवा अवधि वाँकी भएका संचयकर्तालाई सापटी प्रदान गर्दा ग्रेस अवधि प्रदान गरिनेछैन ।

(ङ) घर मर्मत गर्ने वा पुरानो घर सवलीकरण गर्ने प्रयोजनका लागि सापटी रकम एकमुष्ठ प्रदान गर्न सकिनेछ । सापटीको स्वीकृत सीमाभित्र रही बढीमा चार किस्तासम्म भुक्तानी लिन सकिनेछ ।

(च) घर मर्मत सापटी लिएका सञ्चयकर्तालाई सोसापटीको ब्याज नियमित भएको अवस्थामा शैक्षिक सापटी प्रदान गर्न सकिने छ । तर, नयाँ घर निर्माणको लागि घरसापटी लिन चाहेमा स्वीकृत भएको घर सापटी रकममा साबिकमा लिएको घर मर्मत सापटी रकम घटाएर मात्र सापटी प्रदान गरिनेछ ।

(छ) सञ्चयकर्ताले लिएको घर मर्मत सापटी चुक्ता गरेमा पुनः घर मर्मत सापटी दिन सकिनेछ । यसरी पुनः सापटी प्रदान गर्दा तोकिए अनुरुपको सबै प्रक्रिया पूरा गर्नुपर्नेछ ।

(ज) बि.सं. २०७२ साल वैशाख १२ र त्यसपछिको विनाशकारी भूकम्प/पराकम्पवाट क्षति भएको घर सवलीकरण गर्न वा घरमर्मत गर्न वा सो भवन भत्काई सोही जग्गामा नयाँघर निर्माण गर्न वा पुरानो घर सवलीकरण गर्न तोकिए बमोजिम घर मर्मत सापटी लिने सञ्चयकर्तालाई घर मर्मत सापटीको प्रचलित ब्याज दरमा एक प्रतिशत छुट गरिनेछ । तर, भूकम्प/पराकम्पवाट क्षति भई सापटी माग गर्ने सञ्चयकर्ताले नेपाल सरकारको सम्बन्धित आधिकारिक निकायवाट जारी गरेको भूकम्प प्रभावित परिचयपत्रको प्रमाणित प्रतिलिपि अनिवार्यरुपमा पेश गर्नुपर्नेछ ।

(झ) सञ्चयकर्ताले सापटी माग गर्दा अनुसूची २ (ङ) वमोजिम दरखास्त फाराममा साथमा परिच्छेद ८ मा तोकिएका कागजातहरु अनिवार्य पेश गर्नुपर्नेछ ।

(ञ) यस वमोजिम प्रदान गरिनेसापटीका लागि धितोसुरक्षण लिनेक्षेत्रहरु अनुसूची २० (घ) मा उल्लेख भए अनुरुपको हुनेछ ।

(ट) साबिकमा कोषबाट घर सापटी लिएका सञ्चयकर्ताले सोही घर मर्मत गर्न चाहेमा घर सापटीको ब्याज नियमित भएको अवस्थामा घर मर्मत सापटीको लागि साबिकको धितो मूल्यांकन या पुनर्मूल्याङ्कनले खाम्ने भएमा त्यस्ता सञ्चयकर्ताहरुलाई समेत घर मर्मत सापटी सीमाको पचास प्रतिशतसम्म प्रदान गर्न सकिनेछ ।

(ठ) माथि जुनसुकैकुरा लेखिएको भएता पनि नक्सा पास गर्नुपर्ने व्यवस्था हुनुभन्दा अगाडि निर्माण भएका घरहरु मर्मत वा सवलीकरण गर्न सापटी प्रदान गर्न सकिने छ । तर, सापटी प्रदान गर्दा तत्कालीन अवस्थामा सम्बन्धित निकायबाट प्राप्त स्वीकृतिका आधारमा जग्गाको मात्र मूल्यांकनलाई आधार मानी सापटी प्रदान गरिनेछ ।

**सापटी सम्बन्धी थप जानकारीको लागि**

सञ्चयकर्ता कर्जा तथा असुली विभाग,
त्रिदेवीमार्ग, ठमेल, काठमाण्डौ ।
फोन नं. : ०१-४२१५२१४, ०१-४२५०५५१

## कोषको दुरदृष्टि (VISION)

राष्ट्रिय सामाजिक सुरक्षण प्रदायकको अग्रणी भूमिकाद्वारा कोषलाई अन्तरराष्ट्रियस्तरको सामाजिक सुरक्षण संस्थाको रूपमा स्थापित गर्ने ।

## दीर्घकालीन लक्ष (MISSION)

प्रभावकारी स्रोत परिचालन, दिगो एवं आकर्षक सुविधा, गुणस्तरीय सेवा तथा सम्भाव्य सामाजिक सुरक्षण कार्यक्रमको विस्तारको माध्यमद्वारा संगठित क्षेत्रका सबै रोजगारसम्म कोषको दायरा विस्तार गरी कोषलाई नेपालको सुप्रतिष्ठित सामाजिक सुरक्षण संस्थाको रूपमा स्थापित गर्ने ।

•

नवीन व्यवस्थापन पद्धति, गुणात्मक सञ्जालको विकास र विस्तार, उद्यमशील र प्रतिस्पर्धी कार्यपद्धति, व्यापक सहकार्य र साझेदारीका आधारमा कोषलाई एक सक्षम अन्तरराष्ट्रिय सामाजिक सुरक्षण संस्थाका रूपमा परिचित तुल्याउने ।

•

सञ्चय कोष र सामाजिक सुरक्षण सुविधाहरूको सुव्यवस्थापनद्वारा सञ्चयकर्तालाई समाजिक सुरक्षणको प्रत्याभूति दिई कोषलाई सन्तुष्ट सञ्चयकर्ताको ठूलो परिवार *(A happy big family of satisfied members)* बनाउने ।

•

कोषमा उपलब्ध दीर्घकालीन बचतलाई देशको पूर्वाधार विकासको क्षेत्रमा उपयोग गरी आर्थिक विकासमा योगदान गर्ने ।


**कर्मचारी सञ्चय कोष**

केन्द्रीय कार्यालय, पुल्चोक, ललितपुर

फोन नं. : ०१ ५०१०१८०

website : www.epfnepal.com.np

email: **planning**@epfnepal.com.np



### सम्पादन मण्डल

विभागीय प्रमुख श्री केदारनाथ गौतम

बरिष्ठ प्रबन्धक श्री दामोदर सुवेदी

प्रबन्धक श्री बीरेन्द्र पौडेल

शाखा अधिकृत श्री ओजस्वी गौतम

शाखा अधिकृत श्री राजेन्द्र विक्रम केसी